## कार्यपालिका बैठक सख्या- ३

मितिः- २०८०।०८।०७

### प्रस्ताव र निर्णयहरु

१. पुर्ण सरसफाई लागु गर्ने सम्बन्धमा ।
२. खोप केन्द्र तथा गाउँघर किल्निक व्यवस्थापन सम्बन्धमा ।
३. विविधता प्रस्ताव अध्ययन गर्ने सम्बन्धमा ।
४. "घ" बर्गको ईजाजत पत्र प्रदान गर्नेका लागि समिति गठन सम्बन्धमा ।
५. रकम व्यवस्थापन सम्बन्धमा ।
६. कृषि सम्बन्धि ।
७. प्रधानमन्त्री रोजगार सम्बन्धमा ।
८. कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा ।
९. "घ" बर्गको ईजाजतका लागी अनुमती सम्बन्धमा ।
१०.रकम उपलब्ध गराउने सम्बन्धमा ।

**निर्णय नं. १-** यस गाउँपालिकाको सबै वडा कार्यालयहरुमा लागु हुने गरी सरसफाई परिचय पत्रको मस्यौदा स्वीकृत गरी लागु गर्ने निर्णय गरियो ।

**निर्णय नं.२-** यस विजयनगर गाउँपालिका भित्र रहेका खोप केन्द्र तथा गाउँघर क्लिनिकहरुको न्युनतम व्यवस्थापनका लागि स्वास्थ्य शाखा प्रमुख तथा प्राविधिक शाखाले समन्वय गरी लगत अनुमान तयार गर्ने निर्णय गरियो ।

**निर्णय नं.३-** भौतिक पूर्वाधार विकास शाखाबाट पेश भएको भेरियसन प्रस्तावलाई अध्ययन गरी आगामि कार्यालपालिका बैठक बाट स्वीकृत गरी स्वास्थ्य मन्त्रालयमा पठाउने निर्णय गरियो ।

**निर्णय नं.४-** यस विजयनगर गाउँपालिकाबाट प्रदान गरिने "घ" बर्गको ईजाजत पत्रका लागि तपसिल बमोजिमको प्राविधिक मुल्याङ्कन समिति गठन गर्ने निर्णय गरियो ।

**तपशिलः-**

| | |
|---|---|
| संयोजक | प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी |
| सदस्य | प्रशासन शाखा प्रमुख |
| सदस्य सचिव | गाउँपालिकाको प्राविधिक शाखा प्रमुख (इन्जिनयर) |

**निर्णय नं.५-** यस विजयनगर गाउँपलिका वडा नं.७ धन्धरामा आपतकालिन अवस्थामा भएको पानि सरसफाई तथा औषधि व्यवस्थापन गर्न लागेको रकम विपद व्यवस्थापन कोष शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं.६-** :- (क)- कृषि विकास शाखा तर्फ आलुको विउबाट पहिलो पुस्ताको विउ उत्पादन कार्यक्रम संचालन गर्न विजयनगर गाउँपालिका वडा नं.६,छुटपाटि बस्ने अगुवा कृषक खिमे सुनारलाई दिने निर्णय गरियो ।

(ख)- प्राङ्गारिक टोल विकास कार्यक्रम विजयनगर गाउँपालिका वडा नं. १, बनखेत स्थित प्रगतिशिल जलवायु परिवर्तन अनुकुल कृषक समुहलाई संचालन गर्न दिने निर्णय गरियो ।

(ग) Buttan Mussroom गोत्रे, च्याउ चौधरी च्याउ फार्म विजयनगर गाउँपालिका वडा नं.७ मधनगरलाई सहयोग गर्ने निर्णय गरियो ।

(घ) आ.व.२०७९।०८० मा स्थापना भएको गहुँ पकेट विकास कार्यक्रमको निरन्तरता विजयनगर गाउँपालिका वडा नं. ७ स्थित श्री जय बजरङ्गवलि कृषक समुहलाई दिने निर्णय गरियो ।

(ङ) विजयनगर गाउँपालिका वडा नं.५ बघमरवा स्थित श्री बघमरवा कृषि सहकारी संस्थाले रसायनिक मल विक्रेता प्रमाण पत्र पाउँ भनी पेश गरेको निवेदन अनुसार यस गाउँपालिकाको कृषि विकास शाखाबाट अनुगमन गर्दा रसायनिक मल बिक्रिको लागि

शोभाराम रिजाल
प्रमुख प्रशासकीय अधिकृत

विजयनगर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कृष्णनगर, कपिलवस्तु
लुम्बिनी प्रदेश

गोपाल बहादुर थापा मगर
अध्यक्ष
विजयनगर गाउँपालिका

आ.व.२०८०।०८१

कार्यपालिका बैठक सख्या- ३ मितिः- २०८०।०८।०७

आवश्यक पर्ने सम्पुर्ण पुर्वाधारहरु पुरा गरेकाले उक्त सहकारी संस्थालाई रसायनिक मल विक्रेता प्रमाण पत्र उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.७ :-** प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तार्गत आ.व.२०८०।०८१ मा तपसिल बमोजिमका वडाहरुबाट देहाय बमोजिमको सख्यामा कामदार खटाउने निर्णय गरियो ।

| क्र.सं. | वडा नं. | निवेदन परेको सख्या | खटाईने सख्या | कैफियत |
|---|---|---|---|---|
| १ | १ | ८८ | १० | |
| २ | २ | १८६ | १२ | |
| ३ | ३ | १६८ | १० | |
| ४ | ४ | ९१ | ८ | |
| ५ | ५ | १४७ | १२ | |
| ६ | ६ | ८३ | १० | |
| ७ | ७ | ११५ | १२ | |
| जम्मा | | ८७८ | ७४ | |

**निर्णय नं.८ :-** विजयनगर गाउँपालिकामा स्थानीय बाल अधिकार समिति गठन था सञ्चालन सम्बन्धि कार्यविधि,२०८० स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.९- :-** विजयनगर गाउँपालिका अन्तर्गत सत्य कस्ट्रक्सन, विजयनगर ३,कपिलवस्तु र चौहान कंस्ट्रक्सन, विजयनगर ३,कपिलवस्तुले "घ"बर्गको ईजाजत प्राप्तीका लागी यस कार्यालयमा निवेदन पेश गरेकाले प्रचलित कानुन बमोजिमहुने गरी अनुमती दिने भनी निर्णय गरियो ।

**निर्णय नं.१० :-**निम्न संस्था/समिति/योजना तथा व्यक्तिहरुका लागि तपसिल बमोजिमको रकम उपलब्ध गराउने भनि सर्वसम्मतिबाट निर्णय गरियो ।

**तपसिलः-**

| क्र. सं. | व्यक्ति/संस्था/समिति/ योजनाहरुको नाम | ठेगाना | प्रयोजन | रकम | भुक्तानिको श्रोत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | कालमति चाई | विजयनगर-४, मिझुनिया | औषधि उपचार | रु. १५,०००।- (पन्ध्र हजार मात्र) | सामाजिक सुरक्षा तथा आर्थिक सहायता | |
| २ | गोकर्ण बहादुर कामी | विजयनगर-६, प्रेमनगर | दैनिक जिवनयापनका लागि खाद्यान्न सहयोग | रु. २०,०००।- (बीस हजार मात्र) | | |
| ३ | ईलाका प्रहरी कार्यालय कृष्णनगर कपिलवस्तु | कृष्णनगर, कपिलवस्तु | सवारी साधन मर्मत | रु. ५०,०००।- (पचास हजार मात्र) | पालिका भित्र सुरक्षा सहयोग | |
| ४ | प्रहरी चौकी पत्थरदेईया कपिलवस्तु | विजयनगर-३, जगदिशपुर | प्रतिक्षालय तथा भवन रङरोगन तथा मर्मत | रु. ३०,०००।- (तिस हजार रुपैया मात्र) | | |

...आराम रिजाल
प्रमुख प्रशासकीय अधिकृत

...यनगर गाउँपालिका
कार्यपालिकाको कार्यालय
...हरिया, कपिलवस्तु
लुम्बिनी प्रदेश

गोपाल बहादुर थापा मगर
अध्यक्ष
...जयनगर गाउँपालिका

आ.व.२०८०।०८१

कार्यपालिका बैठक सख्या- ३ मिति:- २०८०।०८।०७

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | श्री समयमाई मन्दिर निर्माण तथा संचालन समिति | विजयनगर-५,पिपरी | पुजापाठ तथा भण्डारा | रु. २०,०००।- (बीस हजार मात्र) | चाडपर्व,मेला महोत्सव तथा संस्कृति संरक्षण | |
| ६ | श्रृजनशिल युवा क्लव | विजयनगर-६, प्रेमनगर | विजयनग दशमि २०८० को अवसरमा सास्कृतिक कार्यक्रम | रु. २०,०००।- (बीस हजार मात्र) | | |
| ७ | श्री कोटेश्वरीमाता लक्ष्मी पुजा समिति | विजयनगर-३, मयनारी | लक्ष्मी पुजा व्यवस्थापन | रु. २०,०००।- (बीस हजार मात्र) | | |
| ८ | जन जागृति आधारभूत विद्यालय, बद्धौर | विजयनगर-६, बद्धौर | सडक मर्मत | रु. ३२,०००।- (बत्तिस हजार मात्र) | मागमा आधारित साना पूर्वाधार कार्यक्रम | |
| ९ | त्रिनेत्र मा.वि.मा तारवार | विजयनगर-७ | विद्यालयमा तारवार | रु. ५,००,०००।- (पाँच लाख मात्र) | | |
| १० | डगडौवा गाउँको मस्जिदमा अल्मुनियमको ढोका जडान | विजयनगर-४, डगडौवा | अल्मुनियमको ढोका जडान | रु. १,००,०००।- (एक लाख मात्र) | | |
| ११ | श्री परमहंस अद्धैतमत आश्रम | विजयनगर-७, मधनगर | २ वटा ए.सी. जडान | जिन्सी शाखाबाट खरिद गरि जडान गरिदिने | | |
| १२ | नुरी मस्जिद | विजयनगर-३, पत्थरदेईया | २ वटा ए.सी. जडान | जिन्सी शाखाबाट खरिद गरि जडान गरिदिने | | |

शोभाराम रिजाल
प्रमुख प्रशासकीय अधिकृत

विजयनगर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कपिलवस्तु
लुम्बिनी प्रदेश

गोपाल बहादुर थापा मगर
अध्यक्ष
विजयनगर गाउँपालिका